ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्प्पूर्ण कार्य गरिन्छ।

एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

सप्तरङ्गी सत्ता गठबन्धन (२)
प्रतिनिधि सभा सदस्य बलायरद्वारा न्यानो कपडा बितरण (३)
एलपीएल-७ : भुवनेश्वरी र नव बाल बाटिका वीजयी (४)

वर्ष २१ अंक १७४ वि.सं. २०७९ माघ २४ गते मंगलबार (Feb. 7 Tuesday 2023) मुल्य रु. ४/- पेज -४

# प्रदेश सरकारको ६ महिनाको खर्च १४ प्रतिशत मात्रै

**पोष्ट संवाददाता**
धनगढी। सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक बर्षको ६ महिनामा १४ प्रतिशत मात्रै अर्त गर्न सकेको छ।

चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ३६ अर्ब ७४ करोड ६४ लाख ६५ हजार रकम विनियोजन गरेको थियो। विनियोजित बजेट मध्य ६ महिनाको अवधिमा १४ प्रतिशत अर्थात ५ अर्ब २४ करोड २३ लाख पाँच हजार तीन सय २४ रकम खर्च गरेको छ।

प्रदेश सरकारको पुँजीगत खर्च ११ प्रतिशत रहेको छ भने चालुतर्फ २१ दशमलव २८ प्रतिशत रहेको छ। प्रदेशमा पुँजीगततर्फ २४ अर्ब १३ करोड ८० लाख ७१ हजार रुपैयाँ विनियोजन गरेको थियो। तर, पहिलो छ महिनाको अवधिमा पुँजीगततर्फ दुई अर्ब ६३ करोड ६५ लाख ९९ हजार पाँच सय सय ८८ रुपैयाँ मात्र खर्च गरेको छ।

चालु आर्थिक वर्षमा चालुतर्फ प्रदेश सरकारले १२ अर्ब २९ करोड ८३ लाख ९४ हजार विनियोजन गरेकोमा छ महिनामा दुई अर्ब ६० करोड ५७ लाख पाँच हजार सात सय ९६रुपैयाँ खर्च गरेको छ।

मन्त्रालयगत खर्च प्रतिशतका आधारमा सबैभन्दा बढी आन्तरिक मामिला तथा कानुन मन्त्रालयको बजेट बढी खर्च भएको छ। ५२ करोड २२ लाख ५३ हजार कुल बजेट रहेको सो मन्त्रालयले छ महिनामा १४ करोड ५५ लाख ७० हजार छ सय तीन रुपैयाँ खर्च गरेको छ।

प्रदेशको कुल बजेटको आधा हिस्सा ओगटेको भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट खर्च प्रतिशत १२ दशमलव चार प्रतिशत रहेको छ। १८ अर्ब २६ करोड ६३ लाख ४६ हजार कुल रकम विनियोजन भएकोमा मन्त्रालयले छ महिनामा दुई अर्ब १९ करोड ७६ लाख ४६ हजार आठ सय तीन रुपैयाँ खर्च गरेको छ। मन्त्रालयले चालुतर्फ १७ करोड ६४ लाख ७९ हजार पाँच सय चार रुपैयाँ खर्च गरेको छ भने पुँजीगततर्फ दुई अर्ब दुई करोड ११ लाख ६७ हजार दुई सय ९९ रुपैयाँ खर्च गरेको छ।

प्रदेश सभा सचिवालयलाई ३० करोड ३५ लाख २३ हजार रकम विनियोजन भएकोमा सचिवालयले चार करोड ७३ लाख ७० हजार दुई सय ९१ रकम खर्च गरेको छ। सचिवालयले चालु तर्फ चार करोड २८ लाख तीन हजार दुई सय ८५ रुपैयाँ र पुँजीगततर्फ ४५ लाख ६७ हजार छ रुपैयाँ खर्च गरेको छ।

प्रदेशको सामाजिक विकास मन्त्रालयमा चालु आर्थिक वर्षमा ६ अर्ब ८७ करोड ४२ लाख ८१ हजार रकम विनियोजन भएकोमा पहिलो छ महिनामा एक अर्ब ४५ करोड नौ लाख २१ हजार तीन सय ८८ रुपैयाँ खर्च गरेको छ।

मन्त्रालयले चालु तर्फ एक अर्ब सात करोड १९ लाख ८० हजार दुई सय चार रुपैयाँ खर्च गरेको छ भने पुरीगततर्फ ३७ करोड ८९ लाख ४१ हजार एक सय ८४ रुपैयाँ खर्च गरेको छ।

यसैगरी प्रदेशको भूमि व्यवस्था तथा कृषि मन्त्रालयमा चालु आर्थिक वर्षमा तीन अर्ब १० करोड ३९ लाख ८८ हजार चार सय ४० रकम विनियोजन भएकोमा पहिलो छ महिनामा ३९ करोड पाँच लाख ४६ हजार पाँच सय चार रुपैयाँ खर्च गरेको छ। मन्त्रालयले चालुतर्फ ३५ करोड ५९ लाख ६५ हजार दुई सय ५३ रुपैयाँ खर्च गरेको छ भने पुँजीगततर्फ तीन करोड ४५ लाख ८१ हजार दुई सय ५१ रुपैयाँ खर्च गरेको छ।

छ वटा बजेट ल्याउँदा हालसम्म कुनै पनि वर्षमा पनि प्रदेश सरकारले सन्तोषजनक तरिकाले खर्च गर्न सकेको छैन। प्रदेश सरकार सुरुदेखि नै विकास खर्च अर्को वर्षबाट सुधार हुने भन्दै उम्किँदै आएको छ। चालु आर्थिक वर्षको खर्च प्रतिशत घट्नुमा प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनलाई कारण देखाइएको छ। यद्यपि निर्वाचन परिणाम आई सक्दा पनि प्रदेशका मन्त्रालयहरूले योजना सम्झौता, ठेक्का प्रक्रिया लगायतका कामहरू अघि बढाउन सकेको छैन।

आर्थिक मामिला मन्त्रालयका सचिव रामबन्धु सुवेदिले विषयगत मन्त्रालयले कार्यक्रम अघि बढाउनमा ढिलाइ गर्दा विकास बजेट खर्च प्रतिशतमा कमी आएको बताए। उनले चालु आर्थिक वर्षको बजेट कार्यान्वयन साउन देखिनै भए पनि मन्त्रालयहरूले रातो किताबमा भएका कार्यक्रमहरू कार्यान्वयन गर्नमा ढिलाइ गरेको बताए।

उनले दशैंतिहार र प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका कारण पनि यस वर्ष बजेट खर्च प्रतिशतमा सुधार नभएको बताए। 'खरिद प्रक्रिया, योजनाको ठेक्का तथा सम्झौता अघि नबढाउनु र मन्त्रालय तथा मातहतका निकायमा कर्मचारी अभाव हुँदा पनि समस्या देखिएको हो,' सचिव सुवेदिले भने, 'सरकारले पुर्णता पाएपछि खर्च विवरण बढ्ने अनुमान गरिएको छ।' उनले कतिपय योजनामा काम भएपनि भुक्तानी नभएका कारण पनि खर्च कम देखिएको बताए।

## सरकार नाफामुखी बनेको आरोप

आर्थिक मन्दी र बैंकको चर्को ब्याजदरका कारण व्यवसायी संकटमा परेका वेला सरकार नाफामुखि बन्न थालेको व्यवसायीको आरोप छ।

'बैंकको ब्याज तिर्न नसकेर व्यवसायी विस्थापित हुने अवस्थामा पुगेका छन्,' होटेल व्यवसायी संघ कैलालीका अध्यक्ष कलम बमले भने, 'तर सरकार नाफामुखि व्यापार गरिरहेको छ, नागरिकका लागि सरकार भएको अनुभसति हुन सकेको छैन।' उनले आम नागरिक र व्यवसायी प्रति राज्ये निरही बनोको बताए। 'हरेक योजना अपुरा देखिन्छन्,' उनले भने, 'आर्थिक मन्दिको अवस्थामा पनि व्यवसाय प्रबद्धनका लागि कुनै योजना ल्याउन सकेको छैन, यो सरकार कस्का लागि र किन बनेकोहो भन्ने प्रश्न उठ्न थालेको छ।'

उनले सुदूरपश्चिममा प्रसस्त पर्यटकिय सम्भावना भएपनि पर्यटकिय क्षेत्रमा पुर्वाधार नबन्दा पर्यटक आउन नसकेका बताए। 'एक पटक खप्तड गएको पर्यटक दोश्रो पटक त्या जान चाहदैन,' उनले भने, 'किनकी त्यहाँ कुनै पुर्वाधार छैन, गएर दुःखमात्रै पाइन्छ।' पर्यटकिय स्थलमा निजी क्षेत्रले लगानी गर्न चाहेपनि सरकारले त्यसका लागि नीति समेत नबनाएको उनले बताए।

नेकपा एमालेका धनगढी नगरकमिटि संयोजक चुडामणी भट्टले प्रदेश सरकारका योजना कमिसन र पहँचका भरमा मात्रै आउने गरेका बताए। 'नागरिकको हितमा योजना आएकै छैनन्,' उनले भने, 'मन्त्रीहरुले कताबाट कमिसन आउँछ त्यतै हचुवाा भरमा योजना हाले, जसका कारण सरकारले गरेका कामको परिणाम देखिएन।' योजना छनौटमा पहँच र कमिसन खाने परिपाटीको अन्त्य गरिनुपर्ने उनले बताए।

व्यवसायी प्रशान्त मिश्रले करमात्रै असुली गर्ने र कर तिरेवाफत नागरिकका लागि सरकारले काम नगर्ने गरेको बताए। 'कर असुलेर आफु नाफामा रहनमात्रै सरकारले काम गरिरहेको छ,' उनले भने, 'तर कर तिरेका नागरिकका लागि केही गरेको छैन, हामीले खाल्डा भएका र धुलाम्य सडकमै हिड्नु पर्ने बाध्यता छ।'

# अरुण चौधरीले दिएको रिटमा कारण देखाउ आदेश



**पोष्ट संवाददाता**
धनगढी। प्रतिनिधि सभा सदस्य अरूण कुमार चौधरीको रिटमा उच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ।

सोमबार न्यायधिश अर्जुनप्रसाद कोईरालाको इजलासले कारण देखाउ आदेश जारी गर्दै छलफलमा झिकाउन अन्तरिम आदेश जारी गरेको हो। अरुण चौधरीलाई रिहाइको माग गर्दै न्यायधिस कोईरालाको इजलासमा बहस भएको थियो।

आइतवार उच्च अदालत दिपायलमा उत्प्रेषण परमादेश रिट दर्ता भएको थियो। १९ माघमा बर्दियाबाट लुम्बिनी प्रदेश प्रहरीले पक्राउ गरेर २० गते चौधरीलाई जिल्ला अदालत पेश गरिएको थियो। सोही दिन अदालतले चौधरीलाई कारागार चलान गरेको थियो।

आइतवार उच्च अदालतमा जिल्ला अदालतको फैसला बदर गर्न र धरौटी राखेर रिहा गर्न माग गर्दै रिट दर्ता गरिएको थियो। २०६६ भदौ ३ गते लु २ त २११ नम्बरको ट्र्याक्टर जलाएको भन्दै २०६७ भदौ २ कैलाली जिल्ला अदालतमा अरुण चौधरीसहित तीन जनाविरुद्ध मुद्दा दर्ता भएको थियो।

# ब्राउन सुगर सहित दुई जना पक्राउ

**पोष्ट संवाददाता**
धनगढी। धनगढीबाट लागु औषध ब्राउन सुगर सहित दुई जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय कैलालीका अनुसार धनगढी-९ त्रिवेणिघाट जानेबाटोबाट ३ सय ८० ग्राम लागु औषध ब्राउन सुगर सहित सोही ठाउँका २३ बर्षिय रमेश धामी र धनगढी-१ बस्ने ३२ बर्षिय रमेश सिंहलाई पक्राउ गरिएको हो।

दुई जनामाथी शंकालागि आवश्यक चेकजाँच गर्दा उनिहरुबाट ४ पोकामा राखिएको ब्राउनसुगर भेटिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ। पक्राउ परेका दुवैजनालाई प्रहरी हिरासतमा राखेर थप अनुसन्धान भइरहेको जनाइएको छ।

# कञ्चनपुरमा विद्यार्थी आन्दोलित

**पोष्ट संवाददाता**
धनगढी। कञ्चनपुरको महेन्द्रनगरस्थीत अनाथालयमा भएको बलात्कार घटनामा दोषि देखिएका अनाथालयका प्रमुखलाई कारवाहीको माग गर्दै विद्यार्थी आन्दोलनमा उत्रेका छन्।

महेन्द्रनगरस्थित समाज कल्याण अञ्चल बाल अनाथालयमा नाबालिकमाथि बलात्कारको आरोपमा अनाथालयका कार्यालय प्रमुखलाई कारबाहीको माग गर्दै विद्यार्थीहरु आन्दोलनमा उत्रेका हुन्।

जिल्ला प्रहरी कार्यालयको मुलगेटमा धर्ना दिँदै विद्याथीहरुले पक्राउ परेको अनाथालयका कार्यालय प्रमुख शंकरबहादुर चन्दलाई कडा कारबाहीको माग गरेका छन्। बालिका बलात्कारको आरोपमा चन्द गत माघ १७ गते अनाथालयबाटै पक्राउ परेका हुन्। मानसिक अवस्था स्थीर नभएकी एक बालिकालाई एक वर्षदेखि प्रलोभनमा पारेर जबरर्जस्ती करणी गरेको अभियोग अनाथालयकै कार्यालय प्रमुख ५१ वर्षीय चन्द माथि लागेको छ।

दुईवर्षअघि कञ्चनपुरको महेन्द्रनगरस्थित बाल अनाथालयमा बेसहारा १४ वर्षीया ती बालिकाले आश्रय पाएकी थिइन। यहाँ दुई नाबालिकाले आफूहरुमाथि बलात्कार गरेको प्रहरी समक्ष बयानसमेत दिएका प्रहरी स्रोतको भनाइ छ। एक साताअघि यहाँस्थित समाज कल्याण बाल अनाथालयका एक नाबालिकामाथि पनि अनाथालयमै जबरर्जस्ती करणी गरेको आरोप लागेका कार्यालय प्रमुख चन्द यतिबेला कञ्चनपुर जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्।

उनले बालिकालाई टिभी हेराउने बाहनामा कार्यकक्षमै लगेर बलात्कार गर्ने गरेको अन्य बालिकाले देखेको कुरो पनि रहेको अनाथालयकै एक कर्मचारीले बताए। बालिका गर्भवती भएपछि चन्दले नै गर्भ तुहाउने औषधि सेवन गराएपछि अत्यधिक रक्तश्राप हुँदा घटना बाहिरिएको उनको भनाई छ।

यता प्रहरीले उक्त घटनाको सुक्ष्म अनुसन्धान गरिरहेको जनाएको छ। प्रहरी निरीक्षक भरतराज गिरीले आरोपित चन्दलाई हिरासतमा राखी जबरजस्ती करणी मुद्दामा सात दिन म्याद थप गराएर अनुसन्धान अघि बढाइएको जानकारी दिए। 'अन्य कागजात जुटाउनेदेखि घटनाको सबै कोणबाट अनुसन्धान भैरहेको बताएका छन्। बालिकालाई शान्ति पुनःस्थापना गृहको संरक्षणमा राखिएको बताए। माघ १७ गते प्रहरीले बालिकामाथि बलात्कारको सूचना प्राप्त गर्नासाथ चन्दलाई नियन्त्रणमा लिएको थियो।

टुहुरा बालबालिकाको आश्रयस्थलमै बालबालिकामाथि संरक्षकबाटै भएका यौन दुर्व्यवहारका घटनाप्रति यहाँ सर्वत्र विरोध भइरहेको छ। महेन्द्रनगरमा विद्यार्थीले जिल्ला प्रहरी कार्यालय, भीमदत्त नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा बलात्कारीलाई कारबाहीको माग गर्दै प्रदर्शन गरेका छन्। घटनाको अनुसन्धानमा कुनै कसर बाँकी नराखी बालिकामाथि अभिभावकीय भूमिका निर्वाह गर्ने व्यक्तिबाटै दुर्व्यबहार हुनु निकै असैह्य घटना रहेको नेपाल विद्यार्थी सङ्घकी नेतृ सञ्जु अधिकारीले बताईन्।

विद्यार्थीले बालबालिकाको सुरक्षाको विषयमा सरोकारवाला निकाय सचेत हुनुपर्नेमा जोड पनि दिए। बालिकाको अनाथालयमा रक्तश्राप नभएको**(बाँकी३पेजमा)**

# हुलाकी सडकको प्रगति निरासाजनक

**पोष्ट संवाददाता**/धनगढी। कञ्चनपुरको डोकेबजार देखि बेदकोटको सिसैया सम्म निर्माणधिन हुलाकि सडकको प्रगति निरासाजनक देखिएको छ।

तीन बर्षमा काम सम्पनन गर्ने गरी ठेक्का सम्झौता भएपछि सडक निर्माण सुरु भएको ६ वर्ष सम्म सडक निर्माण कार्य पुरा हुन सकेको छैन। सडकको अधिकांस काम अझै बाँकी रहेको आयोजना कार्यालयले जनाएको छ। तीन वर्षमा निर्माण पूरा गर्ने सम्झौता सहित काम सुरु भएको सडक निर्माणको काम दोब्बर समय बितिसक्दा पनि सकिएको छैन। बर्सेनि म्याद थप मात्रै हुँदै आएको छ।

कैलाली र कञ्चनपुरको सीमा पुनर्वास नगरपालिकाको डोकेबजारदेखि पुनर्वास, बेलौरी, बेलडाँडी र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज हुँदै बेदकोट नगरपालिकाको सिसैसासम्म ६२ किलोमिटर हुलाकी सडक निर्माणको काम तीन प्याकेजमा भइरहेको छ। हालसम्म कुनै पनि प्याकेजको काम सकिएको छैन। हुलाकी सडक आयोजनाका अनुसार डोकेबजारदेखि बेलौरी नगरपालिकाको बुटाबारीसम्म पहिलो प्याकेजको २० किलोमिटर र बेलडाँडीदेखि सिसैयासम्म तेस्रो प्याकेजको २२ किलोमिटर सडक निर्माणका लागि ०७३ फागुनमा शर्मा/राजेन्द्र जेभीसँग सम्झौता भएको थियो।

पहिलो प्याकेज ३६ करोड ४७ लाख र तेस्रो प्याकेज ३८ करोड ५७ लाखमा ठेक्का सम्झौता भएको हो। राजेन्द्र निर्माण सेवा नेपाली कांग्रेस डडेलधुराका सभापति भीमबहादुर साउदको हो। उनी डडेलधुराको परशुराम नगरपालिकाका पूर्वनगरप्रमुख पनि हुन। राजनीतिक पहुँचकै आधारमा पटक पटक म्याद थप गर्ने तर निर्माण नगर्ने गरेका कारण अन्य थुप्रै योजनाहरू अलपत्र परेका छन। हुलाकी सडक आयोजनाका उनको निर्माण कम्पनीले ठेक्का लिएको पहिलो प्याकेजको काम ९० प्रतिशत सकिएको छ भने तेस्रो प्याकेजको काम ७५ प्रतिशत मात्रै सकिएको छर। लामो समयदेखि निर्माण कार्य पनि अलपत्र परेको छ। दोस्रो प्याकेज अन्तर्गतको २० किलोमिटर सडक निर्माणका लागि बाबाहंस/सिद्धि शाही जेभीसँग ४१ करोड ४१ लाखमा ठेक्का सम्झौता भएको थियोर। बाबाहंस निर्माण कम्पनी भारतीय नागरिकको हो भने सिद्धि शाही धनगढीका दीपेन्द्रबहादुर शाहीको निर्माण कम्पनी होर।

# महायज्ञको आयव्यय सार्वजनिक



**पोष्ट संवाददाता**
धनगढी। धनगढी उपमहानगरपालिका-७ मनेहरामा लागेको कालिका, शिअ उसु धार्मिक ज्ञान महायज्ञ-२०७९ को आयव्यय सार्वजनिक गरिएको छ।

महायज्ञ मूल आयोजक समितिले यही माघ ८ गतेदेखि १४ गतेसम्म सञ्चालित महायज्ञको पत्रकार सम्मेलनको आयोजना गर्दै आयव्यय सार्वजनिक गरेको हो। आय विवरण तर्फ कलशबाट आम्दानी, शालीग्राम परिक्रमा, धान बिक्रीलगायतबाट गरेर १६ लाख ९५ हजार १ सय ७३ रुपैयाँ आम्दानी भएको कालिका शिअ उसु धार्मिक ज्ञान महायज्ञका आर्थिक व्यवस्थापन तथा संकलन उप-समिति संयोजक ताराप्रसाद भुसालले बताए।

जम्मा आयमध्ये ११ लाख ५५ हजार ७ सय ३७ रुपैयाँ खर्च भएको उप-समिति संयोजक ताराप्रसाद भुसालले बताए। उनले कलश, पानस तथा भाडाकुडी खरिद, प्रचार प्रसार, फूलमाला खरिदमा उक्त रकम खर्च भएको बताए।

यस्तै महायज्ञबाट जम्मा पाँच लाख ३९ हजार चार सय ३६ रुपैया नाफा भएको उनले बताए। उनका अनुसार महायज्ञमा जयबहादुर कार्कीले शिव मन्दिर निर्माणका लागि ५० हजार बराबरको निर्माण समाग्री उपलब्ध गराउने प्रतिवद्धता **(बाँकी ३पेजमा)**

# सप्तरङ्गी सत्ता गठबन्धन

राजेन्द्र किराती

**विषय प्रवेश**

माओवादी केन्द्रका अध्यक्ष कमरेड प्रचण्डको नेतृत्वमा सप्तरङ्गी गठबन्धन बनेको दुई महिना नपुगी नै भत्कनेक्रम सुरु भइसकेको छ। रास्वपाले मन्त्रीहरूलाई फिर्ता बोलाइसेको छ। वस्तुतः गठबन्धन सरकारको स्वार्थ र सीमाहरू धेरै भिन्न हुने गर्दछ। त्यसमा पनि यो गठबन्धनमा अग्रगामी, यथास्थितिवादी, पश्चगामी र क्षेत्रीय पार्टीहरू सहभागी छन्। उनीहरू बीचमा राजनीतिक-वैचारिक कार्यदिशागत रूपमा आकाश धरती अन्तर रहेको छ।

यसरी कार्यदिशालाई केलाउने हो भने उनीहरूबीचको यो मिलेमतोलाई पटक्कै स्वाभाविक मान्न सकिँदैन। यसकारण पनि गठबन्धनको भविष्य, यसले अपनाउने कार्ययोजना र प्रभावकारी कार्यसम्पादन गर्ने कुरा त्यति सहज छैन। सातैतिर फर्किएको दलहरूबाट एकल सरकारी भिजन प्राप्ति विरलै मात्र हुने गर्दछ। यहाँ त सरकार कतिखेर के हुने हो वा कुन पार्टीले कतिखेर छाड्ने हो, केही भन्न नसकिने अवस्था छ।

तर सरकारप्रति जनताका धेरै आशा अपेक्षा छन्। अझ उपभोगवादी संस्कृतिद्वारा निर्देशित समाजमा उनीहरूको अनगन्ती चाहना हुन्छन्। उपभोगवादी लालसा, मर्म र भावना पूरा गर्न त्यति सजिलो हुँदैन। उनीहरू औसत परम्परागत सरकारको कुरा गरिरहेका छैनन्। साङ्गोपाङ्गो विकास र समृद्धिभित्रको सुखभोग खोजिरहेका छन्। यसरी साततिरको यात्रा लिएर गठबन्धनमा सहभागी भएका दलहरूलाई सँगै बसालेर अन्तिम गन्तव्य तय गर्नु प्रधानमन्त्रीका लागि फलामको चिउरा चपाएजस्तै हुने सङ्केत सुरु भइसकेको छ। यस्तै प्रतिकुलताहरूलाई परास्त गर्दै सही र अग्रगामी राजनीतिक व्यवस्थापन गर्न सफल हुनु प्रधानमन्त्री प्रचण्डसामु निकै ठूलो चुनौती रहेको छ। संसदीय राजनीतिमा राजनीतिक एजेन्डाभन्दा पनि मिडिया स्टन्टबाजी र सस्तो लोकप्रियताको ढोडले मात्रै पनि चुनाव जित्नु पर्याप्त हुन्छ। यही संसदीय सीमाका कारण आज गणतन्त्रवादी र गैरगणतन्त्रवादी उस्तैउस्तै भएका छन्।

**प्रचण्ड गणतन्त्रवादीः**

वास्तवमा प्रधानमन्त्री प्रचण्ड गणतन्त्रलगायतका सबैखाले राजनीतिक एजेन्डाहरूका प्रवर्तक हुन्। आज नेपाली राष्ट्रिय राजनीतिमा छताछुल्ल भएका एजेन्डाहरूको जननी उनै प्रचण्ड हुन्। यस्तै एजेन्डाहरूका लागि माओवादीले निकै महँगो मूल्य चुकाएको घामजस्तै छर्लङ्ग छ। सगर्व के भन्न सकिन्छ भने प्रचण्डबाट नै अन्य संसद्वादी पार्टीहरूले पनि यस्ता एजेन्डाहरूको कखरा सिकेका हुन्। आज उनीहरूले करबलमै एजेन्डाको सावाँ अक्षरसम्म छिचोलेका छन्। त्यहाँभन्दा अरू विकास गर्ने इच्छा पनि देखिँदैन। किनभने संसदीय राजनीतिमा राजनीतिक एजेन्डाभन्दा पनि मिडिया स्टन्टबाजी र सस्तो लोकप्रियताको ढोडले मात्रै पनि चुनाव जित्नु पर्याप्त हुन्छ। यही संसदीय सीमाका कारण आज गणतन्त्रवादी र गैरगणतन्त्रवादी उस्तैउस्तै भएका छन्। उनीहरू सबैको दाउ चुनाव जित्नमा केन्द्रित हुँदैगइरहेको छ। यही सीमा कमजोरीका कारण आज गणतन्त्रको मसिहा पार्टी माओवादी र त्यसैको अध्यक्ष कमरेड प्रचण्ड पनि संसद्वादी गोलचक्करमा हराइरहेका वा अल्मलिइरहेको आभास हुन्छ। यसले पश्चगामीहरूलाई अग्रगामी एजेन्डाप्रति विभ्रम फैल्याउन सजिलो भइरहेको छ।

यद्यपि यी तमाम एजेन्डालाई संस्थागत गर्दै समाजवादतर्फको राजनीतिक रथ हाँक्ने भनेको माओवादीले नै हो अर्थात् यसको ऐतिहासिक जिम्मेवारी स्वयं प्रधानमन्त्री प्रचण्डमा अन्तरनिहित रहेको छ। माओवादीले पनि छाडिदिने हो भने यहाँ आजको भोलि पश्चगमन निर्णायक हुने निश्चित छ। यसकारण पनि प्रधानमन्त्रीसामु गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिकजस्ता अग्रगामी एजेन्डामाथि तलबितल गर्ने छुट देखिँदैन। प्रधानमन्त्री स्वयं गणतन्त्रवादी भएको नाताले यसैको जगमा टेकेर समाजवादी समाज निर्माणमा लाग्नुको अर्को विकल्प छैन। किनभने अरू कतिपय पार्टीले गणतन्त्रलगायतका एजेन्डा भोट ब्ल्याकमेलिङ गर्ने अवसरवादी अस्त्र बनाइरहेका छन् भने कतिपय पार्टीहरूले यसको औचित्य नभएको भन्दै खारेजीको कुरा गरिरहेका छन्। यस्तो वस्तुगत धरातलमा साततिरकै गन्तव्य लिएर यात्रारत सातवटा पार्टीहरूलाई सँगै लिएर गणतन्त्रलाई सुदृढ र संस्थागत गर्नु पटक्कै सजिलो छैन। यही प्रतिकूलताहरूकै बीच प्रधानमन्त्री प्रचण्डले अग्रगामी एजेन्डाहरू संस्थागत गर्न सक्षम हुनुनै कुशल नेतृत्व क्षमता प्रमाणित हुनेछ।

**ओली ढुलमुल**

प्रधानमन्त्री प्रचण्डसामु ओलीको ढुलमुल सबैभन्दा गम्भीर चुनौती देखिन्छ। सहयात्री पार्टीहरूमध्ये सबैभन्दा ठूलो पार्टी एमालेको अग्रगामी एजेन्डाहरूप्रतिको रवैया त्यति सकरात्मक हिजो पनि थिएन आज पनि छैन र भोलि उल्टो हावा बहन थाल्दा झनै प्रतिकूल हुने निश्चितजस्तै छ। किनभने एमालेले गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समावेशी र समानुपातिकलगायतका अग्रगामी एजेन्डाहरूलाई दृढतापूर्वक पक्षपोषण गरेको पाइँदैन। उनीहरू मतदाताहरूलाई अल्मल्याउने रणनीति अन्तर्गत मात्रै यस्ता एजेन्डाहरूको सन्दर्भमा अन्टसन्ट वा अस्पष्ट अभिव्यक्तिहरू दिँदै आएका छन्।

एमालेले गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समावेशी र समानुपातिकलगायतका अग्रगामी एजेन्डाहरूलाई दृढतापूर्वक पक्षपोषण गरेको पाइँदैन। उनीहरू मतदाताहरूलाई अल्मल्याउने रणनीतिअन्तर्गत मात्रै यस्ता एजेन्डाहरूको सन्दर्भमा अन्टसन्ट वा अस्पष्ट अभिव्यक्तिहरू दिँदै आएका छन्

अर्थात् उनीहरू भोलि राजावादी, एकात्मकतावादी र हिन्दुवादीहरूकै वलमा चुनाव जित्ने माहोल बन्दैगयो भने गणतन्त्र, धर्मनिरपेक्षता र सङ्घीयतालाई गोली मारिदिने सम्भावना छ। पछिल्लो संसद्को प्रस्तुति, पक्षपोषण, बचाउ र विरोधका जीवन व्यवहारहरू हेर्दा एमालेको अनुहार यतै फर्किएको भए पनि मनमुटु भने अर्कैतिर बहकिएको बुझ्न कठिन छैन। बाहिर धेरै विरोध नगरे पनि भित्रभित्र उनीहरू यस्ता एजेन्डाहरूविरुद्ध लागि रहेको आभास हुन्छ।

एमालेले गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समावेशी र समानुपातिकलगायतका एजेन्डाप्रति ढुलमुले रणनीति लिएको छ। यस्तै एजेन्डाकै लागि नेपाली जनताले लामो समयदेखि आन्दोलन गर्दै आएको हामी सबैलाई थाहै छ। तब एमालेलाई खुलेरै विरोध गर्नु पनि अप्ठ्यारो भइरहेको साँचो हो। तर यसप्रति जनताका मोह अली खस्कियो भने वा यी एजेन्डा अलि कमजोर हुँदै गयो भने उसले दिनदहाडै यसलाई निमोठनामोठ पार्नेछ। एमालेको यही ढुलमुले प्रवृत्तिका कारण प्रधानमन्त्री प्रचण्डलाई एजेन्डाहरू जोगाउँदै सरकारको नेतृत्व गर्नु निकै कठिन देखिन्छ।

लिङ्देन राजावादी

जति जति अग्रगामी शक्ति वा आन्दोलनहरू खुम्चिँदै जान्छन् त्यति नै बढी पश्चगामीहरू हावी हुँदै जान्छन्। यो सार्वभौम द्वन्द्वात्मक नियम हो। यही नियमबमोजिम आज नेपालमा परिवर्तनकारी आन्दोलन र शक्ति रक्षात्मक अवस्थामा रहेको छ भने पश्चगामी तत्त्वहरू अलि बढी आक्रमक हुँदैछ।

नेपालको वस्तुगत राजनीतिलाई विश्लेषण गर्दा यो सच्चाई पुष्टि हुन्छ। हिजो अधिकांश जनता गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समावेशी र समानुपातिक प्रणालीजस्ता एजेन्डाहरूमा गोलबन्द थिए। यस्ता एजेन्डाविरुद्ध कसैले केही बोल्न सक्दैनथे। तर आज रक्षात्मक अवस्थाका कारण ती तमाम लोकप्रिय एजेन्डामाथि विषवमन हुनथालेको छ। यो वा त्यो बहानामा चौतर्फी हमला हुन थालेको छ। यही मेसोमा इतिहासको गतिलाई उल्टो घुमाउन खोज्ने तत्त्व राप्रपा सतहमा आइरहेको छ। परिवर्तनको नियमअनुसार यो सरासर गलत हो। किनभने गतिशील समाजको यात्रा अग्रगामी नै हुनुपर्दछ। अरू दायाँ बायाँ लाग्नु भनेको त्यो दशकौंपछि धकेलिनु हो अर्थात् गणतन्त्रले केही गरेन। अब राजतन्त्र चाहियो भन्नु भनेको भात पाकेन गोबर नै खानुपऱ्यो भने जस्तै हो। यसरी राप्रपाजस्ता राजावादी र हिन्दुवादी पार्टीलाई साथैमा लिएर अघि बढ्नु गणतन्त्रवादी प्रधानमन्त्री प्रचण्डका लागि गम्भीर चुनौती हुने निश्चित छ।

**लामिछाने सङ्घीयता विरोधी**

नागरिकता र पासपोर्ट विवादपछि रास्वपाका मन्त्रीहरू सरकारबाट फिर्ता भइसकेका छन्। यसले सरकारलाई दिएको समर्थन भने यथावत् राखेको छ। समर्थन फिर्ता लिँदा पनि तात्त्विक असर नपर्ने भएपछि यस्तै निर्णयहरू विगतमा पनि हुँदैआएकै परम्परागत संस्कार हो यो। यति नियत वा स्वार्थ बुझ्न गाह्रो छैन।

वस्तुतः राजनीतिमा लामो राजनीतिक आन्दोलनको इतिहास अनिवार्य हुन्छ। पार्टीहरू पनि समाजको वस्तुगत आवश्यकताको खास मोडहरूमा मात्र स्थापना हुनेगर्दछन्। जसलाई जति खेर मन लाग्यो त्यतिखेर नै पार्टी खोल्ने विषय हुँदै होइन। तर लामो लगानीको इतिहास बोकेको पार्टीहरूले खास ऐतिहासिक जिम्मेवारीहरू निर्वाह गर्न नसक्दा अरू इतिहास नै नभएको पार्टीहरू पनि सतहमा आइरहेको छ। उनीहरूसँग न त राजनीतिक सिद्धान्त, विचार, एजेन्डा, कार्यक्रम, कार्यदिशा र कार्ययोजना छ न त आन्दोलन र लगानीको इतिहास नै। यो समस्या र समाधनको वस्तुवादी होइन। तर पनि बनिबनाउ समाधन खोज्न बहकिएका मतदाताहरू हावी हुँदै जाँदा यस्तो पनि हुने रहेछ। आज सरकारमा सहभागी पार्टी रास्वपा एकात्मकतावादी वा सङ्घीयताको विरोधी पार्टी हो।

आजको हाम्रो वस्तुवादी र वैज्ञानिक विकल्प भनेको गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समावेशी र समानुपातिक जस्ता अग्रगामी एजेन्डालाई अझ सुदृढ गर्दै विकास र समृद्धिको योजनाबद्ध अभियानमार्फत समाजवादी आधार तयार गर्नु नै हो।

तर सरकारको नेतृत्व गरिरहेको माओवादी पार्टीले नै सङ्घीयताको एजेन्डा छताछुल्ल पारेको हो। यसलाई संस्थागत गर्दै अघि बढ्नुको अर्को विकल्प छैन प्रधानमन्त्री प्रचण्डसामु। तर सत्ता सझेदार पार्टी रास्वपाको मूल लक्ष्य नै सङ्घीयता खारेजी रहेको छ। तथापि यो पार्टी अहिले सरकार बाहिर भए पनि एजेन्डागत अन्तरविरोध त यथावत नै छ। त्यसैले यस्तो अन्तरविरोधी अवस्थामा सङ्घीयतालाई पनि संस्थागत गर्दै समाजवादी आधार तयार गर्नु प्रधानमन्त्री प्रचण्डलाई ठूलै चुनौती हुनेदेखिन्छ।

> *आजको हाम्रो वस्तुवादी र वैज्ञानिक विकल्प भनेको गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समावेशी र समानुपातिक जस्ता अग्रगामी एजेन्डालाई अझ सुदृढ गर्दै विकास र समृद्धिको योजनाबद्ध अभियानमार्फत समाजवादी आधार तयार गर्नु नै हो। योभन्दा पछाडि जाँदा पनि कसैले चुनाव जित्ला, अनि सरकार पनि बनाउला अनि केही समय सस्तो लोकप्रियता पनि कमाउला। तर यसले अग्रगामी राजनीतिक निकास भने दिँदैन। यसले मुलुकलाई पश्चगमनतिर धकेल्नेछ जुन परिवर्तन र अग्रगमन चाहने जनताका मर्म र भावनासँग पटक्कै मेल खाँदैन।*

**जनमत, नाउपा र जसपा**

यस अतिरिक्त अरू इमोसनल विचारहरू लिएर सत्तासाझेदारी गरिरहेका क्षेत्रीय पार्टीहरू पनि छन्। यसमा सीके राउतको जनमत पार्टी, रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी र उपेन्द्र यादवको जनता समाजवादी पार्टी रहेको छ। यस्ता साना-साना पार्टीहरूको पनि आआफ्नै अतिवादी दृष्टिकोण लिएर चुनाव जितेर आएका छन्। उनीहरूको माग अंश-अंशमा पूरा गर्नु निकै कठिन देखिन्छ। यसमा कसैले पृथकतावादी, कसैको मधेशवादी अनि कसैको थरुहटवादीजस्ता अतिवादी वा इमोसनल अवधारणाहरू बोकेका छन्। उनीहरूको कतिपय माग वस्तुवादी नभएर वनीवनाउ देखिन्छ। तथापि निश्चीत वा सही विचारले नेत्रृत्व नगरेको समाजमा सानातिना भावनाहरूनै पनि निर्णायक हुनेगर्दछ। यस्तो भावनामा उद्वेलित समाजमा जन्मिएका पार्टीहरूलाई व्यवस्थापन गर्दै एउटै विचारद्वारा निर्देशित समाजवादी यात्रा तय गर्नु प्रधानमन्त्री प्रचण्डसामु गम्भीर चुनौती रहेको छ।

**निष्कर्ष**

प्रधानमन्त्री प्रचण्ड गणतन्त्रवादी हुन्। उनले यसलाई संस्थागत गर्नेछन् यसमा कुनै शङ्का छैन। तर आज सरकारमा उनलाई साथ दिने पार्टीहरूको विचार र दृष्टिकोण भने आकाश-धरती अन्तरविरोपूर्ण रहेको छ। रास्वपाले जस्तै ससाना निहित स्वार्थहरूमा कतिखेर कुन कदम चाल्ने हो यसै भन्न सकिन्न। यस्तो संवेदनशील अस्थिर वस्तुगत राजनीतिक धरातल अनि वैचारिक राजनीतिक बेमेलमा कि त सरकारले राम्रो कार्यसम्पादन गर्न सक्दैन कि त अग्रगामी एजेन्डाहरू पार्टीगत र व्यक्तिगत स्वार्थहरूमा लिलाम हुने खतरा हुन्छ अनि कित सरकार नै ढल्ने अवस्था आउन सक्छ। तर उपर्युक्त कुनै पनि विकल्पहरू वर्तमान हाम्रो राष्ट्रिय राजनीतिक समाधनका उपाय होइनन्।

आजको हाम्रो वस्तुवादी र वैज्ञानिक विकल्प भनेको गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समावेशी र समानुपातिक जस्ता अग्रगामी एजेन्डालाई अझ सुदृढ गर्दै विकास र समृद्धिको योजनाबद्ध अभियानमार्फत समाजवादी आधार तयार गर्नु नै हो। योभन्दा पछाडि जाँदा पनि कसैले चुनाव जित्ला, अनि सरकार पनि बनाउला अनि केही समय सस्तो लोकप्रियता पनि कमाउला। तर यसले अग्रगामी राजनीतिक निकास भने दिँदैन। यसले मुलुकलाई पश्चगमनतिर धकेल्नेछ जुन परिवर्तन र अग्रगमन चाहने जनताका मर्म र भावनासँग पटक्कै मेल खाँदैन। यस्तो गम्भीर सवालहरूमा सम्माननीय प्रधानमन्त्री प्रचण्ड असाध्यै सचेत भएर पाइला चाल्नुको अर्को विकल्प छैन। **(साभार : रातोपाटीबाट)**

# सुधारिएको ब्याजदर र बढ्दो निष्क्रिय कर्जा

डा सुरोज टण्डन

'साँचो डग्दैन, झूटो टिक्दैन,' बैंकिङ उद्योगमा यो भनाइले मेल खाने हुँदा नामदेखि कामसम्म सफलता प्राप्त गर्न यस उक्तिलाई आत्मसात् गरी व्यावसायिक कुशलताका लागि बैंकिङ कारोबारलाई बलियो बनाउनुपर्छ। बैंकिङ प्रणालीमा निक्षेप परिचालन र कर्जा प्रवाहमा सन्तुलन कायम गरी प्रणालीको विकास, विस्तार र संवर्द्धनका लागि गुणस्तरीय कर्जा, सन्तुलित ब्याजदर र न्यूनतम निष्क्रिय कर्जा नै प्रणालीको सुरक्षा हो।

कोष तथा गैरकोषको कारोबारमा जब असन्तुलन देखा पर्छ तब बजारमा माग, आपूर्ति, ब्याजदर, लगानी, गुणस्तर, निष्क्रिय कर्जा, तरलताजस्ता परिसूचकहरू खुम्चने, तन्कने, बलियो र कमजोर हुने अवस्था सिर्जना हुन्छ। तसर्थ बैंकिङ उद्योगमा सुधारिएको ब्याजदर र उकालो लागेको निष्क्रिय कर्जाले निक्षेप, लगानी, पुँजी, तरलता, इपिएस, जगेडा कोष, नेटवर्थलगायत मुनाफादेखि बैंकिङ स्वास्थ्यसम्म बहुआयामिक परिवर्तन ल्याएको छ।

**बैंकिङ प्रणालीको संस्कृति**

बैंकिङ प्रणालीका आफ्नै कथा, व्यथा, अवस्था र संस्कृति रहे पनि कर्जाको गुणस्तर, धितो सुरक्षण प्रणाली, तरलता, ब्याजदर, निष्क्रिय कर्जा, सहुलियत कर्जा, प्रविधि, कर्मचारी, प्रक्रिया, कर्जा-निक्षेप अनुपात, आन्तरिक नियन्त्रण प्रणाली, संस्थागत सुशासन, नाफाको संस्कृतिजस्ता पक्षले प्रणालीमा दबाबसँगै जोखिम सिर्जना गराएको छ। धन देखेपछि महादेवका पनि तीन नेत्र खुल्छन् भनेजस्तो बैंकिङ प्रणालीमा यदाकदा फ्रड गर्ने संस्कृतिले गर्दा कर्जा प्रक्रियामा गलत कागजात बनाउने, कर्जाको दुरुपयोग गर्ने, ऋणी गायब हुने, कानुनी उपचार अप्रभावकारी बन्ने, कमजोर कर्जा मूल्यांकन गर्ने, कार्ड, चेक बुक फ्रड गर्नेजस्ता आपराधिक कार्यबाट बैंकिङ उद्योग अस्थिर हुन गएको छ।

बैंकिङ उद्योगको सम्पत्ति भनेको कर्जा प्रवाह भएकाले सोको गुणस्तर कायम राख्न, दिगो बनाउन, जोखिम घटाउन, पुँजी, लगानी, लागत र तरलतामा पर्न सक्ने नकारात्मक असरलाई न्यून गर्न सावधानी एवं सतर्कता अपनाउनुपर्छ। बैंकिङ प्रणालीमा कर्जाको आपूर्ति र मागबाट ब्याजदर निर्धारण हुने भएकाले कर्जाको आपूर्ति वृद्धि भएमा ब्याजदर घट्ने र कर्जाको आपूर्ति न्यून भएमा ब्याजदर वृद्धि हुने गर्छ। वाणिज्य बैंकहरूको क्लबले माघ महिनादेखि निक्षेपको ब्याजदरमा भद्र सहमतिमार्फत केही संकुचन गरी व्यक्तिगत मुद्दतीतर्फ ११ र संस्थागततर्फ ९ प्रतिशत कायम गरेको हुँदा यसले वित्तीय स्थायित्वमा सुधार हुने अपेक्षा गरिएको छ। नेपालमा परिस्थितिजन्य कारणले कर्जा भुक्तानी गर्न नसकेर संकटग्रस्त बन्न पुगेका ग्राहक एकातर्फ छन् भने जानीजानी कर्जाको दुरुपयोग गरी करोडौं कमाउने ग्राहक अर्कातर्फ रहेकाले बैंकबाट कर्जा लिने तर विभिन्न बहानामा नतिर्ने, एउटा प्रयोजनका लागि कर्जा लिएर अर्को प्रयोजनमा उपयोग गर्ने, कृत्रिम परियोजना देखाउने, नक्कली सञ्चालक बनाउने, कर्जाको दुरुपयोग गर्ने, लक्षित वर्ग तथा समुदायमा कर्जा नपुग्ने, कमसल धितोको उपयोग गर्ने प्रवृत्तिले निष्क्रिय कर्जा बढ्दै गएको देखिन्छ।

तत्कालीन समयमा बैंकिङ व्यवसायमा बढ्दै गएको कर्जा दुरुपयोग, परियोजनाको अभाव, वित्तीय अपारदर्शिता, कमजोर धितो एवं सुरक्षण प्रणाली, न्यून वित्तीय उपलब्धि, वित्तीय पहुँच र ज्ञानको कमीजस्ता कारण निष्क्रिय कर्जा अत्यधिक हुन गई सोको निराकरण एवं व्यवस्थापनका लागि वित्तीय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा ल्याइएको थियो। सुधार कार्यक्रममार्फत अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात, कर्जा सूचना, क्षेत्रगत सीमा, सीमान्तकृत लगानी, कर्जा नोक्सानी व्यवस्था, सुरक्षण, आधार दरजस्ता बैंकिङ औजारहरूमार्फत प्रणालीको प्रवृत्ति, ब्याजदर र निष्क्रिय कर्जालाई व्यवस्थित गर्दै लगियो।

**घट्दो ब्याजदरको प्रवृत्ति**

बैंकिङ प्रणालीमा ब्याजदरलाई आर्थिक आँखा पनि भनिन्छ। निक्षेप तथा कर्जा प्रवाहको ब्याजदर निर्धारण प्रक्रिया पारदर्शी भएमा यसबाट बैंक तथा वित्तीय संस्थाहरूको कार्यकुशलता र प्रतिस्पर्धात्मक क्षमतामा सकारात्मक प्रभाव पर्न गई मौद्रिक नीतिको प्रभावकारिता अभिवृद्धि हुन्छ। ब्याजदरको असन्तुलनले लागत तथा प्रतिफलमा प्रत्यक्ष प्रभाव पर्न गई सूक्ष्म र बृहत् अर्थतन्त्रका क्षेत्र तथा उपक्षेत्रमा दबाब सिर्जना गराउँछ। अत्यधिक कर्जा लगानी, संकुचित सरकारी खर्च, न्यून रेमिटेन्स आप्रवाह, बढ्दो आयात, अन्तरदेशीय द्वन्द्व, नाफामुखी संस्कार, उच्च आर्थिक वृद्धिको अपेक्षा, पुँजी वृद्धिको योजना, अनुत्पादक क्षेत्रमा लगानीजस्ता कारण बैंकिङ प्रणालीमा तरलता सुक्दै ब्याजदर फुक्दै गए पनि विद्यमान अवस्थामा ब्याजदरमा सामान्य सुधार हुँदै निष्क्रिय कर्जा फुक्दै जान थालेको छ।

खुला बजारको सिद्धान्तअनुसार ब्याजदर तोक्ने जिम्मा निजी क्षेत्रलाई दिएकाले सम्बन्धित निकायले यसको उतारचढावलाई सन्तुलित बनाउन ब्याजदर नीति, सिडी रेसियो, स्प्रेड रेट, इक्विटी कभरेज प्रणाली, गुणस्तरीय कर्जाजस्ता पक्षमा विशेष सतर्कता अपनाउन जरुरी छ। हाल मुलुकमा बढ्दो मुद्रास्फीति, अनुत्पादक क्षेत्रमा लगानी, कर्जा विस्तार, प्रतिस्पर्धात्मक वातावरण तयार गर्न, पुँजी पलायनजस्ता पक्षलाई नियन्त्रण र व्यवस्थापन गर्न ब्याजदरमा वृद्धि भएको पनि देखिन्छ। अल्पकालीन ब्याजदरमा आउने उतारचढावलाई न्यूनीकरण गर्दै ब्याजदरमा स्थायित्व कायम गर्ने र मौद्रिक व्यवस्थापनलाई आधुनिकीकरण गर्ने उद्देश्यले आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिमा ब्याजदर करिडोरको व्यवस्था गरी ब्याजदर प्रणालीलाई गतिशील बनाइएको थियो। निक्षेपको ब्याजदर भनेको बैंकले निक्षेपकर्तालाई प्रदान गर्ने ब्याजदर भएकाले जब निक्षेपको ब्याजदर बढ्न जान्छ तब कर्जाको ब्याजदरसमेत बढ्छ। प्रणालीमा कर्जाको अधिक ब्याजदरले उद्योग तथा व्यवसायको उत्पादन लागत बढ्ने, साना-ठूला परियोजना अघि बढ्न नसक्ने, नयाँ लगानी आकर्षित नहुने, खराब कर्जा बढ्ने, मूल्यवृद्धि हुने, लगानीकर्ताको विश्वास कमजोर हुन गई पर्ख र हेरको अवस्थामा हुने, तरलतामा दबाब बढ्नेजस्ता यावत् पक्ष देखा पर्छन्। केन्द्रीय बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले निक्षेपमा ब्याजदर निर्धारण गर्दा सम्बन्धित वर्गका संस्थाले अघिल्लो महिना प्रकाशन गरेको अधिकतम ब्याजदरको औसत तथा न्यूनतम ब्याजदरको औसतमा बढीमा १० प्रतिशत मात्र परिवर्तन गरी ब्याजदर निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ।

बैंकिङ क्षेत्रको अल्पकालीन या दीर्घकालीन ब्याजदर परिवर्तनले लगानी, उत्पादन, आम्दानी, रोजगारी, उपभोग, नाफा, खर्च, ज्याला, बचत, महँगी, मुद्रास्फीतिलगायत आर्थिक प्रणालीमा परिवर्तन ल्याउँछ। ब्याजदरलाई उपयुक्त स्तरमा कायम राख्न र ब्याजदरमा आउने उतारचढावलाई न्यूनीकरण गर्नेतर्फ मौद्रिक नीति केन्द्रित हुनुपर्छ। तसर्थ केन्द्रीय बैंकले ब्याजदरसँगै तरलता व्यवस्थापन नीतिलाई महत्वका साथ लिँदै वित्तीय उपकरणहरूको आवश्यकतानुसार फाइन ट्युनिङ गर्दै जान आवश्यक छ।

**बढ्दो निष्क्रिय कर्जाको स्थिति**

बैंक तथा वित्तीय संस्थाले निश्चित समयका लागि प्रवाह गरेको कर्जा ऋणीले तोकिएको समयमा भुक्तानी गर्न सकेन भने त्यस प्रकारको कर्जालाई निष्क्रिय वा खराब कर्जा भनिन्छ। बैंकिङ क्षेत्रबाट ऋणीले लिएको कर्जा तोकिएको समयावधिमा साँवा वा साँवाको ब्याज नियमित तिरेको छ भने त्यस प्रकारको कर्जालाई सक्रिय कर्जा र तोकिएको समयमा ऋण चुक्ता नगर्ने वा सम्पर्कमा नआई ऋण नतिर्ने वित्तीय संस्थाले ऋणीबाट कर्जा असुलउपर गर्न सकेन भने त्यसलाई निष्क्रिय कर्जा भनिन्छ।

बैंकिङ व्यवसायमा निष्क्रिय कर्जाले जोखिम सिर्जना गरी कर्जाचक्रका हरेक चरणमा असर गर्ने, व्यावसायिक गतिविधि निष्क्रिय बनाउने, मुनाफा, तरलता, लागत र पुँजीमा असन्तुलन ल्याई प्रणालीमा चक्रिय असर पुऱ्याउँछ। बैंकिङ क्षेत्रमा २०७८ असारमा औसत १.४ प्रतिशत, २०७९ असारमा १.२ प्रतिशत र २०७९ पुस महिनामा २.३५ प्रतिशत निष्क्रिय कर्जा अनुपात रहेको छ। बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जा वृद्धि हुँदै जानु भनेको खुद आम्दानी कम हुनु, जनताको सम्पत्ति जोखिममा पर्नु, वित्तीय स्थायित्वमा आँच आउनु र प्रणालीमा बहुआयामिक असर पर्नु हो। निष्क्रिय कर्जा बढ्नुमा ऋण लगानीमा हुने कमी, कमजोरी, सकार गर्दा नपुग हुने ऋण रकम, सकार भएको सम्पत्तिलाई समयमा बेचबिखन गरी नगदमा परिणत गर्न नसक्नु, पुराना सामान, मेसिनरी तथा यन्त्र औजार समयमा व्यवस्थापन वा लिलामी गरी व्यवस्थापन नहुनु, पाउनुपर्ने रकमको समयमा फछ्र्योट हुन नसक्नुजस्ता कारणहरूले निष्क्रिय कर्जा हुन जान्छ।

त्यसैगरी धितोको मूल्यमा गिरावट, आर्थिक क्रियाकलापमा कमी, शान्ति-सुरक्षाको प्रतिकूल अवस्था, विनियम दरमा आउने ह्रास, ऋण असुलीका लागि कानुनी प्रक्रिया, जानाजान कर्जा भुक्तान नगर्ने प्रवृत्ति, घर, जग्गा तथा पुँजी बजारमा आएको मन्दी, अनुत्पादक क्षेत्रमा कर्जा प्रवाह, कर्जा नीति, बढ्दो ब्याजदर, महामारी, द्वन्द्व, अप्रभावकारी नियमन, कर्जा अनुगमन र सदुपयोगिताको अभाव, दैवी प्रकोप, **(बाँकी ३ पेजमा)**

## कञ्चनपुरमा विद्यार्थी...

भए घटना बाहिर नै नआउने कञ्च विद्या मन्दिरमा स्नातक तहमा अध्ययन प्रकृति भट्टले बताईन् । सामान्य अवस्थामा पनि अनाथालय समितिका पदाधिकारीले बालबालिकाको मनोभावना नबुझ्ने र सुरक्षाको विषयमा सचेत नभएका कारण पनि यस्ता घटना भइरहेको उनले भनिन् ।

उनीहरुले महिला तथा बालबालिकाको सुरक्षा र बलात्कारजस्तो जघन्य अपराधमा सुक्ष्म अनुसन्धान गरी दोषीलाई कारबाही नगरेसम्म घटना बढ्दै जानेप्रति चिन्ता व्यक्त गरेका छन् । समाज कल्याण अञ्चल बाल अनाथालयका अध्यक्ष पूर्णबहादुर चन्दले प्रेस विज्ञप्ति जारी गरी बालिकामाथि यौन दुर्व्यवहार गर्ने अपराधीमाथि छानबिन गरी कारबाही हुनुपर्नेमा जोड दिएका छन् ।

बाल अनाथलयजस्तो पवित्र संस्थामा यसप्रकारको घटना हुनु अतिनै दुखद विषय भएकाले उक्त घटनाको अनुसन्धानका लागि अनाथालय व्यवस्थापनले प्रहरी प्रशासनलाई पूर्ण सहयोग गर्ने विज्ञप्तिमा उल्लेख गरेको थियो ।

## भुवनेश्वरी र नव....

इमेज होटेल प्रा.ली धनगढी, सर्टिङ एण्ड सुटिङ पार्टनर गुरुजी सर्टिङ एण्ड सुटिङ धनगढी, प्लेयर अफ दी टुर्नामेण्ट प्रायोजक मालिकार्जुन हार्डवेयर प्रा.लि. अत्तरिया रहेको छ ।

त्यस्तै सहप्रायोजकहरुमा निष्ट फाउन्डेसन काठमाडौं, के. आई. सिंह गाउँपालिका डोटी, हस्पिटल पार्टनर निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर धनगढी, स्किन केयर पार्टनर धनगढी स्किन केयर एण्ड एस्थेस्टिक सेन्टर धनगढी, सहप्रायोजकहरुमा चैतन्य पाठशाला धनगढी, जय मंगलम् सिमेन्ट प्राली युवा समाजसेवी विनोद शाही हाल अमेरिका, दाहाल पुस्तक पसल धनगढी, होटेल जियान हस्पिटालिटी धनगढी, उच्चाकोटी आर.एम.सी धनगढी , डिस्कभरि बोर्डिङ स्कुल धनगढी,सानभी बुक्स एण्ड स्टेशनरी धनगढी रहेका छन् ।

वेस्ट बलर प्रायोजक वरिष्ठ युवा समाजसेवी जयन्ती थापा हाल अमेरिका एजुकेसन कन्सल्टेन्सी पार्टनर एस. आ. जी.नेपाल काठमाडौं, वेस्ट ब्याट्सम्यान प्रायोजक विद्या भूषण पब्लिक स्कुल मोहनपुर कैलाली ,सह प्रायोजक नवजीवन हस्पिटल धनगढी, समाज सेवी अर्जुनराज जोशी (हाल कोरिया), कामिक्षा देवी डेरी धनगढी र विशेष अटो मोटिभ्स (हिरो) धनगढी कैलाली रहेका छन् ।

# प्रतिनिधि सभा सदस्य बलायरद्वारा न्यानो कपडा बितरण

**पोष्ट संवाददाता**

धनगढी । प्रतिपिनधि सभा सदस्य बीरबहादुर बलायरले गोदावरीका विपन्न परिवारलाई न्यानो कपड वितरण गरेका छन् ।

उनले आफू निर्वाचित भएको कैलाली क्षेत्र नम्बर ४ का ६० परिवारलाई न्यानो कपडा बितरण गरेका हुन् ।

गौरीगंगा नगरपालिका वडा नम्बर १ ले आयोजना गरेको कपडा बितरण कार्यक्रममा मतदातालाई धन्यवाद समेत दिएका थिए । बलाएरले साथै हप्ता १० दिन गठबन्धन दलका नेता कार्यकर्ता मतदाता संग भेटघाट गर्ने जनाएका छन् । बलाएरले भेटघाट संगै नागरिकका गुनासा सुन्ने र योजनाका बारेमा छलफल गर्ने छन् ।

## महायज्ञको आयव्यय...

गरेका छन् ।

उसुका प्रशिक्षक रतन खातीले नाफा भएको रकम कालिका मन्दिर र शिअ उसुले आधा-आधा वितरण गर्न बताए । महायज्ञ सञ्चालनका लागि बनेका विभिन्न समितिलगायत अन्य व्यक्तिहरुलाई प्रशंसापत्र समेत वितरण गरिएको थियो ।

## बुहारीमाथि...

सोमबार कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक योगेश खत्रीले बताए । आफ्नै बुहारीमाथि जबरजस्तीकरणी गरेको आरोपमा प्रहरीले उनलाई गएको पौष २८ गते पक्राउ परेको थियो । पीडितले दिएको जाहेरीको आधारमा उनलाई पक्राउ गरेको प्रहरीले आफ्नो अनुसन्धान सकाएर सरकारी वकिल कार्यालय मार्फत अदालतमा पेश गरेको थियो ।

**पत्रिका मागेर होईन किनेर बढौं ।**

## धनगढी उप-महानगरपालिका

धनगढी, कैलाली

### संधियारको नाममा जारी सूचना

यस उप-महानगरपालिकाका वडा ७ देवहरियामा अवस्थित कित्ता नं. १२२ क्षेत्रफल १७० व.मि.मा भवन निर्माण गर्ने घरधनी श्री सावित्री कुमारी चौधरीले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ । निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, सन्धि सर्पन हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्नु सुचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।

**१. निर्माणको निमित्त प्रस्तावित जग्गाको चारकिल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाई (फिट/मिटर) | छाडेको आफ्नो जग्गा (फिट/मिटर) | संधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम |
| पूर्व | | | | | रामचन्द्र चौधरी |
| पश्चिम | | | | | विपना थापा |
| उत्तर | | | | | विकास भण्डारी |
| दक्षिण | | | | | सडक |

घरको नाप: लम्बाई ३१'०" चौडाई २४'०" उचाई : २०'१०" तल्ला संख्या: २

**२. साईट प्लानको नक्सा**

## सुधारिएको ब्याजदर...

काबुबाहिरको परिस्थितिबाट निष्क्रिय कर्जा बढ्न गएको पाइन्छ ।

**प्रणालीमा प्रभाव**

महामारी, बन्द, बढ्दो आयात, कमजोर निर्यात, द्वन्द्व, न्यून गुणस्तरीय लगानी, सहुलियत दरका लगानी, ऋण मोचनजस्ता कारण कर्जा असुलीमा समस्या भई निष्क्रिय कर्जा बढ्दै जाँदा देहायको प्रभाव पर्न गएको छः

पुँजीमा पर्न सक्ने असर र दबाब,
खुद आम्दानी घटाउने,
उत्पादनशील पुँजी अनुत्पादक क्षेत्रमा जाने,
खराब ऋणमा शंकास्पद व्यवस्था गर्दा मुनाफामा नकारात्मक असर पर्ने,
तरलतामा दबाब पर्ने,
सकार धितोले ऋण नखाम्नेमा अवलेखन गर्नुपर्ने,
संस्थाको कारोबारलाई खुम्च्याउने,
संस्थाको ख्याति, प्रतिष्ठा र साखमा असर पर्ने,
नयाँ लगानीका अवसरलाई स्रोतको अभाव हुने,
साधन-स्रोत परिचालनको लागतमा वृद्धि हुने,
कर्जा तथा सापटीको ५ प्रतिशतभन्दा बढी लगानी रहिरहेकोमा नोक्सानीको व्यवस्था गरिएमा आम्दानीसरह नै कर लाग्ने,
अवलेखन खर्चमा वृद्धि हुँदा संस्था खारेजीको अवस्थामा पुग्न सक्ने,
व्यवसायमा निरन्तर जोखिम सिर्जना हुने,
निष्क्रिय कर्जा नियन्त्रणका लागि नियमनकारी व्यवस्था

बैंकिङ व्यवसायमा निष्क्रिय कर्जा डरलाग्दो क्यान्सर भएकाले यसको समयमा पहिचान, मापन र व्यवस्थापन गर्नुपर्छ । बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको साँवा वा ब्याज भुक्तानी हुनुपर्ने भाका नाघेको अवधिका आधारमा सम्पूर्ण कर्जालाई सक्रिय वा निष्क्रिय कर्जाबमोजिम वर्गीकरण गर्नुपर्छ ।

(क) सक्रिय कर्जा: १. असल (भाका ननाघेका र एक महिनासम्म भाका नाघेका कर्जा आदिको कर्जा नोक्सानी व्यवस्था १ प्रतिशत), २. सूक्ष्म निगरानी (एक महिनादेखि तीन महिनासम्म भाका नाघेका कर्जा, एक महिनाभित्र नवीकरण नभएका वा अस्थायी रूपमा बढीमा ९० दिनसम्म भुक्तानी अवधि बढाइएका चालू पुँजी कर्जाको कर्जा नोक्सानी व्यवस्था ५ प्रतिशत) ।

**अनुसूची-८**

(दफा ६ को उपदफा (३) संग सम्बन्धित)

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय सुख्खडको २१ दिने सूचना

यस बैंकको तपसीलको कार्यालयबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय सुख्खड**

| क्र.सं. | कर्जा ग्राहकको नाम(फर्म र प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम) | ठेगाना | बजेको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | व्याज रकम रु | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ढकाल भैसी तथा बाखा पालन फर्म प्रो.ठाकुर प्रसाद ढकाल | गौरीगंगा न.पा. ९, शंकरपुर, कैलाली । | लक्ष्मीपति ढकाल | लिलाधर ढकाल | सहुलियतपूर्ण कर्जा | ४५३०२६७४६ | २७८९६५।१२ | ४८०९२३२।५८ | टुकादेवी ढकाल, इशवर प्रसाद ढकाल | |
| २ | माघि होम स्टे थारु गाँउ घर नं.५ स.माया देवी चौधरी | घो.न.पा ४, माघि, कैलाली । | जगतराम चौधरी | प्रेम चौधरी | होम स्टे कर्जा | ६५६५९६।८५ | ३९१२२।०७ | ६९५७१८।९२ | प्रेम चौधरी, दिलिप चौधरी | |
| ३ | राम बहादुर साँउद | खैराला ८, कैलाली | मोति साँउद | गोरे साँउद | घरायसी कर्जा | ५०००००।०० | ३७७४५।८८ | ५३७७४५।८८ | | |
| ४ | सावित्री फर्निचर उद्योग प्रो.जगमोहन कठरिया | घो.न.पा १०, पहलमानपुर | साधु कठरिया | बंशराम कठरिया | व्यापार कर्जा | ३०००००।०० | १८९१६।३४ | ३१८९१६।३४ | बंशराम कठरिया | |
| ५ | एम.एम.मल्टी एग्रो फर्म प्रो महेन्द्रा देवी विष्ट | घो.न.पा.३, निम्दी, कैलाली । | उत्तम बहादुर विष्ट | गणेश बहादुर विष्ट | सहुलियतपूर्ण कर्जा | ८११३८७५० | ४४४७।८५ | ८५५८५९।३५ | गणेश बहादुर विष्ट, दिपक विष्ट | |
| ६ | सोनचीरु चौधरी | घो.न.पा. ३, जुरपानी, | सौना डगौरा | ठग्गा डगौरा | सरल कृषि कर्जा | २०००००।०० | १२२६५।६५ | २१२२६५।६५ | | |
| ७ | यज्ञराज आचार्य | घो.न.पा, ४, जनकपुर, | अगन्धर आचार्य | लिलाराम आचार्य | सरल कृषि कर्जा | ५०००९२।७४ | ४७५९ | ५००१४०।३३ | टिका आचार्य | |
| ८ | श्री रामजानकी बंगुर फर्म | घो.न.पा.८, आमफाँटा, | आईते बडुवाल | रन बहादुर | सरल कृषि कर्जा | ९०००००।०० | ५९०६५।६७ | ९५९०६५।६७ | रन बहादुर बडुवाल | |
| ९ | मिमिसा स्टोर | गौरीगंगा न.पा. ९, शंकरपुर, | लिलाधर ढकाल | ठाकुर प्रसाद | सहुलियतपूर्ण कर्जा | ८३२६१३।९२ | ४४१७।०२ | ८७६७८४।९४ | ठाकुर प्रसाद ढकाल | |

**कृषि विकास बैंक लि.**

शाखा कार्यालय, क्याम्पसरोड

## २०७८ यस्तो छ तपाईको राशिफल माघ २४

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,

सम्पत्ति जोडने समय छ । तपाईको कामको उचित मूल्याङ्कन हुनेछ ।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो

आजको दिन ठीकै छ । ऐतिहासिक ठाउँको आदिको भ्रमण हुनेछ । मनोरञ्जन एवं मिष्ठान्न भोजन पनि छ ।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह

सामान जोडने समय छ । किनमेल हुनेछ । सम्पत्ति जोगाउने समय छ ।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो

बोल्नेको पीठो बिक्ने समय छ । बोलीबाट अरुलाई प्रभावमा ल्याउन सकिन्छ । लगानीको लागि उपयुक्त समय छ ।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे

घरायसी सामान किनमेलमा समय र धन खर्च हुनेछ । सबैले तपाइको उचित मूल्याङ्कन गर्नेछन् ।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो

विभिन्न व्यक्तिसँग भेटघाट हुनेछ । मान्यजनको उपदेश अनुसार चल्नुभए फलिफाप हुनेछ । व्यापारमा मध्यम छ

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते

सन्तान प्राप्तिको योग छ । धार्मिक तथा सामाजिक कामको जिम्मेवारी बढने छ । पढाइतिर ध्यान जानेछ ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू

यात्राको योग छ । शुभ समाचार पाइने छ । आन्तरिक शान्तिको अनुभूति हुनेछ ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे

पढाइबाट महत्वपूर्ण काम हुनेछ । साथिबाट पनि आवश्यक सहयोग मिल्नेछ । सन्तान प्राप्ति हुनेछ ।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी

पुण्यको कामका लागि सक्रिय रुपमा लाग्नुपर्नेछ । नयाँ उद्योगधन्दा गर्ने उपयुक्त अवसर आएको छ ।

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द

शुभ संगतको प्रभाव पर्नेछ । सामाजिक कामको दायित्व बढने छ । गरिराखेको कामलाई निरन्तरता दिनुहोला ।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची

शारीरिक सुन्दरतामा कमी आउने छ बल एवं बुद्धिले मात्र काम लिन सकिन्छ । व्यवहारिक कठिनाइ होला ।

खुशीको खबर ! खुशीको खबर !!

*"सीप सिकौं आत्मनिर्भर बनौं ।"*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ ।

८ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ ।

साथै कपडा पनि उपलब्ध छ ।

वबी बुटिक

एल.एन.चौक, धनगढी

मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९

एलपीएल-७

# भुवनेश्वरी र नव बाल बाटिका वीजयी

**पोष्ट संवाददाता**

धनगढी। धनगढीमा जारी विद्यालय स्तरीय यु-१९ राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता लिटल फ्लावर प्रिमियर लिग (एलपीएल) अन्तरगत सोमबार सम्पन्न खेलमा कञ्चनपुरको भुवनेश्वरी विद्या मन्दिर गड्डाचौकी र नव बालबाटिका विद्या मन्दिर बौनिया विजयी भएका छन्।

सोमबार भएको पहिलो खेलमा धनगढीको शारदा विद्या निकेतन धनगढीलाई ४ रनले पराजित गर्दै भुवनेश्वरीले विजयी सुरुवात गरेको हो। उसको जितमा टिम कप्तान खगेन्द्र ठगुन्नाले अलराउण्ड प्रदर्शन गरे। उनले ब्याटिङमा ३२ रन र बलिङमा ३ विकेट लिए।

धनगढी स्थित फाप्ला क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गर्ने निर्णय गरेको भुवनेश्वरीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय २० रन जोड्यो। १ सय २१ रनको विजयी लक्ष्य पछ्याएको शारदा विद्या निकेतन २० ओभरमा ७ विकेट गुमाएर १ सय १६ रन मात्र बनाउन सक्यो। उसका लागि दीपक रोकायाले २६ र कृष्ण भट्टले २१ रन बनाए। बलिङ तर्फ भुवनेश्वरीका खगेन्द्र ठगुन्नाले ३ विकेट लिए।



त्यस अघि भुवनेश्वरीको ब्याटिङमा खगेन्द्र ठगुन्नाले ३२ रनको पारी खेले। उसका प्रकाश पाण्डेले २२ र लोकेश जोशीले १८ रन बनाए। बलिङ तर्फ शारदाका हृदय बिठारीले २ विकेट लिए। खेलको प्लेयर अफ दी म्याच खगेन्द्र ठगुन्ना चुनिए।

सोमबार भएको दोस्रो खेलमा नव बालबाटिका विद्या मन्दिर बौनियाले वेष्टन क्रिष्टल एकेडेमी धनगढीलाई ९० रनले पराजित गर्यो। टस जितेर ब्याटिङ गरेको बाल बाटिकाले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १ सय ८८ रनको विशाल योगफल तयार पारेको थियो। १ सय ८९ रनको लक्ष्य पछ्याएको वेष्टन क्रिष्टल एकेडेमीले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ९८ रन मात्रै बनाउन सक्यो।

वेष्टनका लागि नीरज ऐरले २४ र आशिष् लुहारले १६ रन बनाए। बलिङ तर्फ बाल बाटिकाका वीर बहादुर घर्ती मगरले ३ र प्रकाश जैशीले २ विकट लिए। त्यस अघि पहिलो इनिङमा बाल बाटिकाका लागि नेपाली यु-१९ राष्ट्रिय टिमका सदस्य समेत रहेका प्रकाश जैशीले २६ बलमा ७ छक्का र ६ चौकासहित अविजित ७८ रनको विस्फोटक पारी खेले।

उसका आशिष् ओलीले ४३ र विराट सिंह भण्डारीले ३७ रन बनाए। बलिङ तर्फ वेष्टन क्रिष्टलका रोशन थापाले २ विकेट लिए। खेलको प्लेयर अफ दी म्याच प्रकाश जैसी चुनिए।

लिटल फ्लावर स्पोर्ट्स एण्ड इभेन्ट्सको आयोजनामा फागुन ६ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा लिटल फ्लावरका बोर्डिङ हाई स्कुल धनगढी कैलाली, श्री होली फेमली इ. मिडियम स्कुल भीमदत्तनगर कञ्चनपुर, शारदा विद्या निकेतन धनगढी, सैनिक आवासीय महाविद्यालय तेघरी कैलाली, नव बाल वाटिका विद्यामन्दिर बौनियाँ कैलाली, भुवनेश्वरी विद्यामन्दिर गड्डाचौकी कञ्चनपुर, वेष्टन क्रिष्टल एकेडेमी धनगढी, गुराँस एकेडेमी अत्तरिया कैलाली, सत्यवती एकेडेमी अत्तरिया कैलाली र लोटस आइ इ. सेकेन्डरी स्कुल अत्तरिया सहभागी छन्।

फागुन ६ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेतालाई २ लाख ५१ हजार १ सय ११ र उपविजेतालाई १ लाख २५ हजार ५ सय २५ नगदसहित ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरिने छ। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद २० हजार, उत्कृष्ट बलर र ब्याट्सम्यानले १०/१० हजार नगदसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन्। त्यस्तै उदीयमान खेलाडीलाई नगद ५ हजार प्रदान गरिने आयोजकले जनाएको छ। प्रत्येक विद्यालयले आफ्नो टिममा ४ जना १९ वर्षमुनिका खेलाडी समावेश गर्न पाउनेछन्।

विद्यालयमा लुकेर रहेका क्रिकेट खेलाडीहरूलाई बढीभन्दा बढी खेल एक्सपोजर दिन तथा उमेर समूहको क्रिकेटलाई विकास गर्ने उद्देश्यसहित प्रतियोगिता सञ्चालन गर्न लागेको आयोजकको भनाई छ।

प्रतियोगिता धनगढी उपमहानगरपालिका धनगढी संरक्षक, लिटल फ्लावरका बोर्डिङ हाई स्कुल धनगढी प्रायोजक, वर्ल्ड भिजन इन्टरनेसनल नेपाल (नेपाली जुटौं, बाल विवाह रोकौं) अवेरनेस पार्टनर, आइएमइ पे प्लेयर अफ द म्याच प्रायोजक रहेको छ। त्यस्तै डिजिटल लर्निंग पार्टनरमा निमा एकेडेमी, हायर एजुकेसन पार्टनर टाइम्स इन्टरनेशनल कलेज डिल्लीबजार काठमाडौं, कम्युनिकेसन पार्टनर नेपाल टेलिकम, सह प्रायोजक हिमालयन ह्वाइट हाउस इन्टरनेशनल कलेज काठमाडौं, रनर अप प्रायोजकमा गुरुकुल एकेडेमी उत्तरबेहडी धनगढी रहेको छ।

त्यस्तै अफिसियल गेट प्रायोजकमा धनगढी वाल पेपर सप्लायर्स एण्ड होम डेकोर, पब्लीकेशन पार्टनर ओशन पब्लीकेशन प्रालि, हस्पिटालीटि पार्टनर (**बाँकी ३ पेजमा**)

## दार्चुलामा ६ महिनामा १७ प्रतिशत पुजिगत खर्च

**पोष्ट संवाददाता**/दार्चुला। चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा दार्चुलाको पूजिगत खर्च १७ प्रतिशत रहेको छ। कोष तथा लेखा नियन्त्रण कार्यालय दार्चुलाका अनुसार ६ महिनासम्म खर्चको बजेटमध्ये आधा रकम पुस महिनामा भुक्तानी भएको छ।

दार्चुलामा चालु आर्थिक वर्षका लागि ८२ करोड ४१ लाख ९२ हजार पुँजीगत बजेट रहेको छ। जसमध्य पुस मसान्तसम्म १४ करोड २६ लाख ३ हजार बजेट खर्च भएको कोलेनिकाका निमित्त कोष नियन्त्रक जगन्नाथ भट्टले बताए। उनका अनुसार पुस महिनामा ८ करोड १ लाख ४७ हजार रकम भुक्तानी भएको छ।

दार्चुलामा सञ्चालित महाकाली करिडोर सडक योजनाले ६ महिनाको अवधिमा सबैभन्दा बढी पुँजीगत खर्च गरेको छ। महाकाली करिडोरले हाल सम्म १० करोड ८६ लाख ३७ हजार खर्च गरेको छ। त्यसैगरी महाकाली नदी नियन्त्रण आयोजनाले ७४ लाख ८३ हजार खर्चगरेको छ, भने जिल्ला प्रशासन कार्यालयले ६१ लाख २१ हजार पुँजीगत बजेट खर्च गरेको कोलेनिकाका निमित्त कोष नियन्त्रक भट्टले बताए। दार्चुलाका स्थानीय तहहरूमध्ये हालसम्म मार्मा गाउँपालिकाका लागि मात्रै पुँजीगत बजेट निकासा भएको निमित्त कोष नियन्त्रक जगन्नाथ भट्टले बताए। चालु आर्थिक वर्षमा मार्मामा २ करोड ९० लाख ५३ हजार पुँजीगत बजेट उपलब्ध भएकामा पुस महिनासम्म १ करोड २५ लाख ५९ हजार खर्च भइसकेको तथ्यांक छ।

# गोदावरीमा बुधबार देखि राष्ट्रपति रनिङ शिल्ड हुने



**पोष्ट संवाददाता**

धनगढी। कैलालीको गोदावरी नगरपालिकामा बुधबार देखि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने भएको छ। शिक्षा, युवा तथा खेलकुद शाखा गोदावरी नगरपालिकाको आयोजनामा प्रतियोगिता सञ्चालन हुने छ।

आइतबार प्रतियोगिता आयोजना स्थल गोदावरी नगरपालिका - ६ मा रहेको शैलेश्वरी माबि बडेहाँमा पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको बारेमा जानकारी दिइएको हो।

प्रतियोगितामा १९ सामुदायिक र १४ संस्थागत गरी ३३ वटा विद्यालयको सहभागिता रहने नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख प्रयाग राज जोशीले बताएका छन्।

उनले प्रतियोगिता संचालनका लागि रबिन्द्र खनालको संयोजकत्वमा १७ सदस्यीय समिति पनि गठन गरिसकिएको बताए। प्रतियोगितामा भलिबल, कबड्डी, मार्सलआर्ट, एथलेटिक्स र फुटबल खेल खेलाइने जनाइएको छ। शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख जोशीले प्रतियोगितामा सहभागिताका लागि नगरपालिका भित्र रहेका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई पत्राचार गरेकोमा ३३ विद्यालयले सहभागित जनाउन निवेदन दिएको बताए।

सहभागि विद्यालयहरुमध्ये फुटबल खेलका लागि सबैभन्दा बढी टिमले नाम दर्ता गराएका छन्। फुटबलका लागि छात्र २७ र छात्रा ८ टिमले सहभागि हुने आयोजकले जनाएको छ। त्यस्तै भलिबलमा १९ छात्र ८ छात्रा, कबड्डीमा २४ छात्र, २३ छात्रा टिमले सहभागिता जनाएका छन्। सटफुटमा १४ छात्र, ११ छात्रा, त्रिपल जम्पमा ९ छात्र, ५ छात्रा, हाइजम्पमा १९ छात्र, ११ छात्रा, लमजम्पमा २१ छात्र, ११ छात्राका टिम सहभागि रहेका छन्।

अन्य खेलमा भने छात्र टिमले मात्रै सहभागिता जनाएका छन्। जसमा मार्सलआर्टमा २० टिम, ज्याभालिङ्ग थ्रोमा १४ टिम र दौडमा ८ वटा विधामा १४८ टिमले सहभागिता जनाउन नाम टिपोट गरेको आयोजकले जनाएको छ।

प्रतियोगिताका संयोजक रविन्द्र खनालले प्रतियोगितामा सहभागिका लागि १ लाखको स्वास्थ्य बिमा गरिएको बताए। उनले प्रतियोगिता संचालन हुने स्थानमा हेल्थ डेस्कको पनि व्यवस्था गरिने बताए। प्रतियोगिता माघ २८ गते सम्पन्न हुने जनाइएको छ। गोदावरीमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता दोस्रो पटक आयोजना गर्न लागिएको हो। यसअघि अत्तरियामा रहेको दुर्गालक्ष्मी माविमा प्रतियोगिता आयोजना गरिएको थियो।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तेह्रौ बर्षमा पुगेको भएपनि कोरोना महामारीका कारण यसअघि आयोजना गर्न नसकिएको शिक्षा शाखा प्रमुख जोशीले बताएका छन्।

# बुहारीमाथि करणी आरोप लागेका ससुरा कारागार चलान

**पोष्ट संवाददाता**

धनगढी। बैतडीमा बुहारीमाथि जबरजस्तीकरणी गरेका आरोपमा पक्राउ परेका ससुरालाई कारागार चलान गरिएको छ।

जिल्ला प्रहरी कार्यालय बैतडीका अनुसार बैतडीको पञ्चेश्वर गाउँपालिकाका ५२ बर्षीय पुरुषलाई पुर्पक्षका लागि कारागार चलान गरिएको हो। जिल्ला अदालतको आदेश अनुसार ती पुरुषलाई (**बाँकी ३पेजमा**)


# Vacancy announcement

Publish date: - 07 February 2023

**Youth Acting for Change, Nepal (YAC- Nepal)** is a non-profitable NGO registered in District Administration Office Kailali that has been working in Sudurpaschim province of Nepal since 2004 with focus on promotion of Human Right to Food, improving livelihood of poor vulnerable and socially excluded people through community led action for Governance and justice. YAC Nepal currently implementing Project "Strengthening the Right to Food in Sudurpaschim Province" of Nepal for 3 years period up to 30 November 2025 with overarching goal *contributes to* ***"vulnerable communities in Sudurpaschim Province enjoyed their Right to Food and strengthened their Socio-economic situation"***. Key focus of program interventions is capacity building related to Right to Food, Documentation & case work of RtF Violated cases, Awareness Creation, Advocacy & Monitoring towards realization of Human Right to Adequate Food. YAC Nepal hereby invites applications from highly motivated, dynamic and result oriented qualified Nepalese citizen for the following position based in Dhangadhi, Kailali with frequent travel to field in all nine districts of Sudurpaschim province.

**Position:** Senior Project Officer **Required No - 1 (one)**

**Based Station**: YAC Nepal, Dhangadhi, Kailali (Frequently field visit to overall districts of Sudurpaschim Province)

**General Position Summary:** She/he will be responsible mainly for program strategy development, project design, concept, and proposal development. Develop and maintain strategic and functional relationship with three tire governments unit, CSOs, and build coordination with diverse funding agencies. She/He mostly responsible to provide backup support to project team in planning, implementation, and monitoring the project ensuring the project outcomes. She/he should produce activity progress report, annual narrative, and final report of Right to Food project as per Bread for the World (BftW) standard in close coordination with Monitoring Documentation Officer and Project Coordinator. She/he will work closely with Executive Director and assist ED for promoting visibility of YAC Nepal. The incumbent should have a strong commitment to teamwork and, accountability and promote work environment that fosters respect for each other. She/he must have demonstrated leadership in integrating, promoting, and achieving equity, diversity, and inclusion in the area of work and in the workplace. Multi-tasking, problem solving and simultaneous attention to detail and strategic vision are essential.

**Qualification and experience requirements:**

- Bachelor's degree in agriculture, environment science, public administration, social sciences, or similar field, preferably a master's degree from recognized university.
- Excellent command on writing and speaking in both English and Nepali language along with computer skills on office package and internet.
- At least 3 years of experience in the field of human right, food security, livelihood, climate change/DRR and social mobilization with strong and excellent analytical skills and sound judgement are required. He/ she must have skill, knowledge, and experience in designing proposals, program strategy, negotiation, and a good understanding on national and international socio-economic context, SDG, and ESCR.
- Two-wheeler driving license is preferred with having good driving skill.

**How to apply:**

Qualified and eligible national citizens are highly encouraged to apply with their updated resume along with motivation letter to the **yacnepal@yahoo.com** or YAC Nepal office Dhangadhi Sub-Metropolitan City-01 Shivanagar Kailali no later than 5:00 PM by 14 February 2023 with the full details of two people who are willing to act as a reference. We encourage application from women, vulnerable and marginalized groups. Only shortlisted candidates will be contacted for the further recruitment process. The remuneration and other benefits package shall be as of YAC Nepal Human Resource Management policy and guidelines.

Coordinator
Human Resource Management Committee
YAC Nepal, Dhangadhi-01, Kailali, Nepal
https://yacnepal.org.np/career/


**धनगढी पोष्ट दैनिकका लागि** कर्ण शाहद्वारा **सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,**

**Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com,** मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, **कार्यकारी सम्पादक** : हिमाल जोशी